नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(जनशक्ति योजना तथा विकास शाखा)

पत्र संख्याः ज.यो.वि.शा.२०७५/०७६ चलानी संख्या ४१६

मितिः २०७५/११/२६

श्री सबै स्थानीय तह

विषयः पदपूर्तिका लागि माग फारम पठाउने सम्बन्धमा ।

कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । नेपाल सरकारबाट स्वीकृत संगठन संरचना र दरबन्दी बमोजिम कर्मचारीको रोजाईको इच्छा र प्राथमिकताक्रम समेत विचार गरी संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन/पदस्थापना गरिएको व्यहोरा विदितै होला ।

कर्मचारी समायोजनको कार्य सम्पन्न भईसक्दा पनि स्थानीय तहका सबै रिक्त दरबन्दी पदपूर्ति हुन सक्ने अवस्था नरहेको हुँदा स्थानीय तहको सेवा सञ्चालनका लागि बाँकी रिक्त पदहरुमा शिघ्र पदपूर्ति गर्नुपर्ने अवस्था छ । प्रदेश लोक सेवा आयोगको गठन नभएसम्म स्थानीय तहमा रिक्त हुने पदहरुमा पदपूर्ति गर्न सम्बन्धित स्थानीय तहले यस मन्त्रालय मार्फत लोक सेवा आयोगमा माग पठाउनु पर्ने व्यवस्था कर्मचारी समायोजन ऐन, २०७५ ले गरेको छ ।

स्थानीय तहको कार्य सञ्चालन र सेवा प्रवाहलाई व्यवस्थित गर्न रिक्त पदमा यथाशिघ्र पदपूर्ति गर्नुपर्ने भएकोले साविक स्थानीय सेवामा नियुक्ति भई त्यस स्थानीय तहमा हाल कार्यरत र समायोजन भई आएका कर्मचारीको विवरण यकिन गरी रिक्त हुन आउने पदहरुमा पदपूर्ति गर्ने प्रयोजनका लागि यस मन्त्रालय मार्फत देहायको Format मा रिक्त पदको विवरण सहित यथाशिघ्र माग फारम पठाउनु हुन नेपाल सरकार (सचिवस्तर) मिति २०७५/११/२६ को निर्णयानुसार अनुरोध छ । माग फारमको नमुना यसैसाथ संलग्न छ ।

**रिक्त पदको विवरण**

| क्र.सं. | तह | पद | सेवा | समूह/ उपसमूह | स्वीकृत कुल दरबन्दी | पदपूर्ति | | कुल पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | साविकमा स्थानीय निकायमा कार्यरत | समायोजन भई आएका | | | |
| | | | | | | | | | | |

**बोधार्थ**

श्री सूचना प्रविधि शाखाः वेवसाइटमा अपलोड गरिदिन हुन ।

(किरण थापा)
शाखा अधिकृत

"नतिजामुखी प्रशासनः सम्बृद्धि र सुशासन"

फोनः ४२००२७४, ४२००२८३, ४२००३१८, ४२००३०९ फ्याक्स नं: ४२००५३१
वेवः www.mofaga.gov.np इमेल : hrd.moga@gmail.com

अनुसूची-१

(लोक सेवा आयोगको नियमावली, २०७० को नियम ३ को उपनियम (१) संग सम्बन्धित)

रिक्त पदपूर्तिका लागि माग गर्दा भर्नुपर्ने फाराम

माग गर्ने कार्यालयको नाम र ठेगानाः

| क्र.सं. | माग पदको नाम | पदको श्रेणी/तह | सेवा | समूह/उप - समूह | स्थायी/ अस्थायी | आवश्यक न्यूनतम शैक्षिक योग्यता | | संक्षिप्त कार्य विवरण र उम्मेदवारले शुरुमा काम गर्नुपर्ने जिल्ला | अघिल्लो दुई आ.व.मा माग भै पूर्ति हुन बाँकी संख्या | | यस आ.व.को नयाँ पद सृजना वा रिक्त भै माग गरिएको संख्या हुन बाँकी संख्या | | कुल माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | खुल्लाको लागि | बढुवाको लागि | | आ.व.को | आ.व.को | नयाँ पद सिर्जना | रिक्त | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

द्रष्टब्यः

१. महल ८ अन्तर्गतको पहिलो कोलममा दुई आ.व.को विवरण खुलाउने ।

२. महल ८ अन्तर्गत दोश्रो कोलममा नयाँ पद श्रृजना भएको भए कुन मितिमा भएको हो खुलाउने र रिक्त भएको भए कसरी रिक्त भएको हो कैफियत महलमा अनिवार्य रुपमा खुलाउनु पर्नेछ ।

३. अन्य आवश्यक कराहरु भएमा उल्लेख गर्ने ।

दस्तखतः

मितिः

नाम,थरः

पदः